सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २७३ ♦ २०८३ साल असार ३ बुधवार ♦ 17 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## बर्दिबास नगरपालिकाले ल्यायो १ अर्ब ११ करोड बढीको बजेट




**खबर दर्पण समाचारदाता**

**असार २ गते, बर्दिवास**

महोत्तरीको बर्दिबास नगर पालिकाले आर्थिक वर्ष ०८३/८४ लागि १ अर्ब ११ करोड ६९ लाख ५०० रुपैयाँ बजेट सार्वजनिक गरेको छ ।

मंगलबार सम्पन्न नगर पालिकाको १८औँ नगर अधिवेशनमा नगर प्रमुख प्रह्लाद कुमार क्षेत्री ले आगामी आर्थिक वर्षका लागि कुल १ अर्ब ११ करोड ६९ लाख ५ सय रुपैयाँ बराबरको बजेटसहित नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो। नगरपालिकाले ०८३/८४ लागि ल्याएको नीति तथा कार्यक्रममा नगरपालिकामा वर्षौ देखि को एलानी तथा अव्यवस्थित बसोबासीलाई सेतो पुर्जा (निष्शा) वितरण गर्ने कार्यलाई पहिलो प्राथमिकता दिएको छ। नगर प्रमुख क्षेत्रीले नगर अधिवेशनलाई सम्बोधन गर्नु हुँदै बजेटले भूमिसम्बन्धी समस्या समाधानलाई मुख्य तथा विशेष प्राथमिकतामा राखेको बताउनुभयो।

नगरसभामा प्रस्तुत बजेटले नगर वासीका आधारभूत आवश्यकता सम्बोधन गर्दै दिगो विकास, सामाजिक न्याय र समावेशी विकासलाई केन्द्रमा राखेको नगर प्रमुख क्षेत्रीले बताउनुभयो। भूमिहीन तथा अव्यवस्थित बसोबासीको समस्या समाधान नगरपालिकाको प्रमुख दायित्व रहेको उल्लेख गर्दै उहाँले सेतो पुर्जा वितरणको प्रक्रिया आगामी श्रावण महिनाभित्रैबाट तीव्र रूपमा अघि बढाइने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, " शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, महिला, बालबालिका तथा समाज कल्याण, सहकारी, कृषि तथा पशुपन्छी विकास, सडक तथा यातायात, विद्युत, सिँचाइ तथा भूमि व्यवस्थापन, वातावरण संरक्षण, सरसफाइ तथा विपद् व्यवस्थापनका क्षेत्रलाई उतिकै प्राथमिकतामा समेटिएको छ।"

त्यसैगरी कला तथा संस्कृतिको संरक्षण, पर्यटन प्रवर्द्धन, लागूऔषध नियन्त्रण तथा रोकथाम तथा सुशासन प्रवर्द्धनलाई समेत बजेटका कार्यक्रमका रूपमा अघि सारिएको नगर प्रमुख क्षेत्रीले जनाउनुभयो ।

अधिवेशनमा प्रमुख अतिथिका रूपमा बोल्दै मधेश प्रदेशकी श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले आफू बर्दिवाससँग प्रत्यक्ष रूपमा जोडिएको व्यक्ति भएकाले नगर पालिकाको विकास, नीति तथा कार्यक्रमप्रति विशेष चासो रहेको बताउनुभयो। स्थानीय आवश्यकतालाई केन्द्रमा राखेर ल्याइएका योजना प्रभावकारी कार्यान्वयन हुन सके नगर वासीले प्रत्यक्ष लाभ प्राप्त गर्ने उहाँको भनाइ थियो। उहाँले नगर पालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई सफल बनाउन सबै पक्षबीच सहकार्य आवश्यक रहनुपर्नेमा जोड दिनुभयो ।

## मधेश प्रदेशको बजेटप्रति मिश्रित प्रतिक्रिया : कसैले सुधारको संकेत भने, कसैले नारामुखी



**खबर दर्पण समाचारदाता**

**असार २ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपियाँको बजेट सार्वजनिक गरेसँगै यसको प्रभावकारी कार्यान्वयनलाई लिएर मिश्रित प्रतिक्रिया आएको छ। केही नेताले बजेटलाई विगतको तुलनामा सुधारिएको र प्रगतिशील बताएका छन् भने केहीले कार्यान्वयन पक्ष चुनौतीपूर्ण हुने औँल्याएका छन्। जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता एवं मधेसका पहिलो मुख्यमन्त्री (पूर्वमुख्यमन्त्री) लालबाबु राउतले बजेट नारामुखी भएको टिप्पणी गर्नुभयो। उहाँले नीति तथा कार्यक्रमभन्दा फरक ढङ्गले बजेट आएको दाबी गर्दै कार्यान्वयन पक्षमा आशङ्का व्यक्त गर्नुभयो।

"महत्वपूर्ण कुरा कार्यान्वयन हो। बजेटमा उल्लेख गरिएका धेरै कार्यक्रम व्यवहारमा लागू हुन सक्लान् भन्नेमा शङ्का छ," उहाँले भन्नुभयो। यद्यपि अधुरा योजना पूरा गर्ने प्रतिबद्धतालाई उहाँले सकारात्मक पक्षका रूपमा लिनुभयो।

बजेटबारे प्रतिक्रिया दिँदै मधेश प्रदेशका पूर्वमुख्यमन्त्री तथा नेकपा (एमाले) संसदीय दलका नेता सरोज यादवले यो बजेट अघिल्ला वर्षको तुलनामा बढी व्यवस्थित र प्रगतिशील रहेको बताउनुभयो। उहाँका अनुसार विगतका कमजोरी सुधार गर्दै मन्त्रालयको सङ्ख्या घटाउने, एक करोड रुपियाँभन्दा कम लागतका योजना समावेश नगर्ने तथा कृषि, शिक्षा, पर्यटन र उद्योग क्षेत्रलाई प्राथमिकता दिइएको छ।

उहाँले खर्च नियन्त्रणका लागि पुरस्कार र दण्डको व्यवस्था गरिएको उल्लेख गर्दै बजेट कार्यान्वयनलाई प्रभावकारी बनाइने दाबी गर्नुभयो। बजेटको आकार घट्नुको मुख्य कारण सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानमा आएको कमी रहेको उहाँले बताउनुभयो। "पहिले समानीकरण अनुदान करिब साढे १२ अर्ब रुपियाँ थियो। अहिले सात अर्ब ८३ करोड रुपियाँमा झरेको छ। यही कारण बजेटको आकार घटेको हो," उहाँले भन्नुभयो। प्रदेश सरकारले साउन १ गतेदेखि नै बजेट कार्यान्वयन प्रक्रिया अघि बढाउने तयारी गरेको पनि उहाँले जानकारी दिनुभयो।


त्यसैगरी पूर्वमुख्यमन्त्री सतीशकुमार सिंहले भने प्रदेशमा बजेट खर्चको अवस्था सुधार

*बाँकी पृष्ठ ३ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, [illegible]तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# उजाड भूमिमा उर्वरताको खोजी



**अजयकुमार साह**

**असार २ गते, बर्दिवास**

महोत्तरीको बर्दिबास नगर पालिका-१२ बिजलपुरामा वर्षौंदेखि बगरका रूपमा रहेको नदी उकास क्षेत्रलाई पुनः उर्वर भूमिमा परिणत गर्ने अभियान सुरु भएको छ। बाढी र कटानका कारण उत्पादनविहीन बनेका हजारौं बिघा जमिनलाई पुनः कृषि योग्य बनाउने उद्देश्यले स्थानीयवासी र सरोकारवालाले सम्भाव्यता अध्ययन थालेका हुन्।

बिजलपुरा रुपान्तरण अभियानको पहलमा सुरु भएको अध्ययनले बगर क्षेत्रको वास्तविक अवस्था, माटोको गुणस्तर, सिँचाइको सम्भावना र दीर्घकालीन कृषि विकासका विकल्प पहिचान गर्ने लक्ष्य लिएको छ। अभियानमा संलग्न स्थानीयवासीले उचित योजना र प्राविधिक सहयोग पाए बगर क्षेत्रलाई पुनः हराभरा बनाउन सकिने विश्वास व्यक्त गरेका छन्।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य समेत रहेका स्थानीय राजकरण महतोका अनुसार विगतका विभिन्न समयमा रातु खोला र भब्सी खोलाको बाढी तथा कटानले ठूलो क्षेत्रफलको उर्वर कृषि भूमि बगरमा परिणत भएको हो। "कहिले खेती हुने यी क्षेत्र अहिले बालुवा र ढुंगाले भरिएका छन्। तर व्यवस्थापन गर्न सकियो भने यही जमिन फेरि उत्पादनको आधार बन्न सक्छ," उहाँले भन्नुभयो।

बिजलपुरा रुपान्तरण अभियानका संयोजक समेत रहेका राजकरण महतोले स्थानीय समुदायको सहभागिता, सरकारी निकायको सहयोग र प्राविधिक योजनामार्फत बगर लाई उत्पादनशील क्षेत्रमा बदल्न सकिने बताउनुभयो। "बगरलाई बगैँचा र उत्पादनमूलक क्षेत्र बनाउने सपना बोकेर सम्भावनाको खोजी सुरु गरेका छौँ," उहाँले भन्नुभयो।

चुरे संरक्षण तथा वातावरणीय अभियानमा सक्रिय सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिबासका अध्यक्ष नागदेव यादव सहितको टोलीले प्रभावित क्षेत्रको स्थलगत अवलोकन गरेको छ। टोलीले बगर क्षेत्रको भू-अवस्था, सम्भावित कृषि प्रणाली, वातावरणीय प्रभाव तथा पुनःस्थापनाका उपायबारे अध्ययन गरेको हो।

स्थानीय युवाहरूले पनि अभियानप्रति सकारात्मक धारणा राखेका छन्। युवा नेता रमेश महतोका अनुसार बगर क्षेत्रको पुनः उपयोगले कृषि उत्पादन बढाउनुका साथै रोजगारी सिर्जना, वातावरण संरक्षण र स्थानीय अर्थतन्त्र मजबुत बनाउन सहयोग पुग्नेछ। अभियानकर्ताहरूले दीर्घकालीन योजना निर्माणका लागि सरकारी निकाय, कृषि विज्ञ तथा विकास साझेदारसँग सहकार्य आवश्यक रहेको बताएका छन् । उनीहरूले नदी उकास जमिनको वैज्ञानिक व्यवस्थापन गरी फलफूल बगैँचा, आधुनिक कृषि तथा अन्य उत्पादनमूलक गतिविधि सञ्चालन गर्न सकिने सम्भावना औँल्याएका छन्।

स्थानीयवासीको विश्वास छ- सामूहिक प्रयास, उचित व्यवस्थापन र निरन्तर सहयोग भए बिजलपुराको बगर क्षेत्र फेरि हराभरा बन्न सक्छ। बाँझो देखिएको जमिनलाई सम्भावनाको भूमिमा बदल्ने अभियानले यस क्षेत्रको भविष्य बदल्ने अपेक्षा गरिएको छ।

# 'बाल विवाह न्यूनीकरणका लागि सबैको साझा प्रयास गर्नु आवश्यक छ'



**खबर दर्पण समाचारदाता**

**असार २ गते, जनकपुरधाम**

मधेश प्रदेशका सभामुख राम अशिष यादवले बाल विवाह न्यूनिकरणका लागि राज्यका साथसाथै सरोकारवाला सबै पक्षको साझा प्रयास आवश्यक भएको बताउनु भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले मंगलबार जनकपुरधाममा आयोजना गरेको बालविवाहले मानव अधिकार उपभोगमा पार्ने प्रभाव सम्बन्धमा मधेश प्रदेशसभाका सदस्यहरु सँगको परार्मश कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले संविधान र कानूनहरु निमार्णको समयमा सिमान्तीकृत समुदायलाई छलफलमा सहभागिता नगराएकै कारण संविधान प्रति उनीहरुको असन्तुष्टी कायम रहेको र यसले विभिन्न खालका समस्याहरु सृजना भएको बताउनुभयो । उहाँले कानून निमार्ण गर्दा पछाडि पारिएका सिमान्तीकृत समुदाय सँगको छलफल आवश्यक भएको र यसले बाल विवाह जस्ता कुप्रथाहरुको न्यूनिकरणमा सहयोग पुग्ने धारणा राख्नुभयो ।

उहाँले बाल विवाह न्यूनीकरणका लागि निमार्ण भएका कानूनहरुको कार्यान्वयनको साथसाथै समाजिक स्तरमा जागरुकता बढाउनु आवश्यक भएको बताउनुभयो। उहाँले बाल विवाह न्यूनीकरणका लागि मधेश प्रदेशमा बालिका संरक्षण ऐन सहित छोरीलाई ५० प्रतिशत आरक्षणको व्यवस्था ,बेटी पढाउ बेटी बचाउ जस्ता कार्यक्रमहरु सञ्चालन भएको बताउनुभयो। उहाँले मधेश प्रदेशमा बेटी पढाउ ,बेटी बचाउ कार्यक्रम प्रभावकारी भइरहदा राज्यले नै उक्त कार्यक्रम माथि ग्रहण लगाई दिएको आरोप समेत लगाउनुभयो ।

सभामुख यादवले मधेश प्रदेशमा बाल बिवाह न्यूनीकरणका लागि जनजागरण अभियान संचालन गरी आफनो स्तरबाट सबैले सहयोग गर्नु पर्नेमा जोड दिनुभयो। कार्यक्रममा सहभागि भएका प्रदेशसभा सदस्यहरुले बालबिवाह हुनुमा गरिवी र अशिक्षा प्रमुख कारण रहेको भन्दै तिन तहकै सरकारले शिक्षामा जोड दिनु पर्ने धारणा राख्नुभयो।

वक्ताहरुले बाल विवाहका कारण मानव अधिकारको उपभोग गर्ने सवालमा विभिन्न खालका प्रभावहरु परिरहेको भन्दै बाल बिवाह गरेकाहरुलाई स्वास्थ्य समस्यादेखि विभिन्न खालका समस्याहरुको सामना गर्न बाध्य हुनु परेको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका उपसचिव गिता दहालले बाल बिवाहले मानव अधिकार उपभोगमा पारेको प्रभावको विषयमा आफनो प्रस्तुति गर्नुभएको थियो। राष्ट्रिय मानव अधिकार आयोगका सदस्य लिली थापाको अध्यक्षतामा भएको सो कार्यक्रममा प्लान इन्टर नेशनलका प्रतिनिधि एवम कार्यक्रम विज्ञ मिहिर झा सहितकाको सहभागिता रहेको थियो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाइट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धुवाँरहित भान्साका लागि विद्युतीय चुल्होको प्रयोग बढाउनुपर्छ : प्रदेश प्रमुख कर्ण

**खबर दर्पण समाचारदाता**

**असार २ गते, बर्दिवास**

मधेश प्रदेशका प्रमुख प्रा. डा. सुरेन्द्रलाल कर्णले विद्युतीय चुल्होको प्रयोग बढाउनुपर्ने बताउनुभएको छ । धनुषाको लालगढमा आयोजित विद्युतीय चुल्हो नमुना परियोजनाको सिकाइ तथा उपलब्धि विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले नेपालमा विद्युत उत्पादन उल्लेखनीय रूपमा वृद्धि भएकाले विद्युतीय चुल्होको प्रयोग बढाउनुपर्ने बताउनुभयो ।

उहाँले नेपालमा बढ्दो जलविद्युत उत्पादनको प्रभावकारी उपयोग गर्दै मधेश प्रदेशलाई विद्युतीय चुल्हो प्रयोगमा देशकै नमुना प्रदेश बनाउन सकिने धारणा राख्नुभयो । प्रदेश प्रमुख कर्णले विद्युतलाई केवल ऊर्जाको स्रोत मात्र नभई समाज रूपान्तरणको महत्वपूर्ण माध्यमका रूपमा लिनुपर्नेमा समेत जोड दिनुभयो । उहाँले विद्युतीय चुल्होको प्रयोगले महिलाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्नुका साथै दाउरा, गुइँठा तथा एलपी ग्यासमा निर्भरता घटाउने उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “विद्युतीय चुल्हो प्रत्यक्ष रूपमा आमा, दिदीबहिनी र घरपरिवारको स्वास्थ्यसँग जोडिएको विषय हो । पहिले धुवाँयुक्त चुल्होका कारण महिला आँखा तथा श्वासप्रश्वाससम्बन्धी समस्याबाट पीडित हुन्थे । अहिले विद्युतको पहुँच बढेसँगै सुरक्षित र स्वच्छ खाना पकाउने विकल्प उपलब्ध भएको छ ।” उहाँले नेपालले वार्षिक रूपमा ग्यास आयातमा ठूलो रकम खर्च गरि रहेको उल्लेख गर्दै विद्युतीय चुल्होको व्यापक प्रयोगबाट विदेशी मुद्रा बचत हुने र ऊर्जा आत्मनिर्भरता बलियो बन्ने बताउनुभयो ।

प्रदेश प्रमुख कर्णले मधेश प्रदेशका करिब सबै घरधुरीमा विद्युतको पहुँच पुगिसकेको उल्लेख गर्दै आगामी दुई / तीन वर्षभित्र प्रदेशलाई विद्युतीय चुल्हो प्रयोगमा देशकै अग्रणी क्षेत्रका रूपमा स्थापित गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा ऊर्जा विज्ञ पुरुषोत्तम घिमिरेले विद्युतीय चुल्हो खरिद गर्दा गुणस्तरमा विशेष ध्यान दिन आग्रह गर्दै सस्तोभन्दा पनि प्रमाणित सामग्रीको प्रयोग गर्न उपभोक्तालाई सुझाव दिनुभयो ।



गुणस्तरीय उपकरणको प्रयोगले दीर्घकालीन रूपमा सुरक्षित र भरपर्दो सेवा प्राप्त हुने उहाँको भनाइ थियो ।

गणेशमान चारनाथ नगर पालिकाका नगर प्रमुख जित नारायण यादवले विकासलाई सडक, पुल र भवन निर्माणमा मात्र सीमित गर्न नहुने बताउँदै महिलाको स्वास्थ्य र जीवनस्तर सँग प्रत्यक्ष जोडिएको स्वच्छ भान्सा अभियानलाई नगर पालिकाले प्राथमिकतामा राखेको बताउनुभयो । परम्परागत चुल्होबाट निस्कने धुवाँले महिलाको स्वास्थ्यमा गम्भीर असर पार्ने भएकाले विद्युतीय चुल्हो प्रवर्द्धनलाई नगर पालिकाले अभियानकै रूपमा अघि बढाएको उहाँको भनाइ थियो ।

उहाँले नगरपालिकाले नवीकरणीय ऊर्जा नीति पारित गरी विद्युतीय चुल्हो प्रवर्द्धनका लागि बजेट विनियोजन गरेको जानकारी दिँदै हालसम्म पाँच सयभन्दा बढी गृहिणीलाई निःशुल्क विद्युतीय प्रेसर कुकर वितरण गरिएको बताउनुभयो । आगामी आर्थिक वर्षमा थप एक हजारभन्दा बढी विद्युतीय चुल्हो वितरण गर्ने तयारी रहेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा मधेश प्रदेशका ३० भन्दा बढी स्थानीय जनप्रतिनिधि, ऊर्जा क्षेत्रका विज्ञ, विकास साझेदार संस्था तथा विभिन्न पालिकाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# हाजिर जमानीमा रिहा भए सन्तोष साह



**खबर दर्पण समाचारदाता**

**असार २ गते, बर्दिवास**

सेफ सन्तोष साह हाजिर जमानीमा रिहा भएका छन्। सोमबार साँझ उनी हाजिर जमानीमा रिहा भएका हुन । साहले चार लाख ५० हजार रुपैयाँ बिगो रकम बुझाएर रिहा भएका हुन ।

प्रहरीले साहलाई ठगी सम्बन्धी कसुर मुद्दामा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले शुक्रबार पक्राउ गरी काठमाडौं ल्याएको थियो।

सकुन्तला अधिकारीको जाहेरीको आधारमा उनीविरूद्ध काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएपछि प्रहरीले पक्राउ गरेको हो।

# मधेश प्रदेशको बजेटप्रति मिश्रित प्रतिक्रिया....

गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। विगतमा ५० प्रतिशतभन्दा बढी बजेट खर्च हुन नसकी फ्रिज हुने अवस्था देखिएको उल्लेख गर्दै उहाँले यथार्थपरक योजना छनोट गर्नुपर्ने बताउनुभयो।

जग्गा प्राप्ति, जनशक्ति अभाव र कार्यान्वयन कमजोरीका कारण धेरै योजना अधुरै रहने गरेको उहाँको भनाइ छ। बजेटको आकारभन्दा पनि कार्यान्वयन प्रभावकारी हुनु महत्त्वपूर्ण रहेको उहाँले बताउनुभयो।

सिंहले शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रमा प्राथमिकता दिनुलाई सकारात्मक कदमका रूपमा लिनुभयो। सरकारी अस्पतालमा औषधी तथा सेवा सुधार र विद्यालयमा शिक्षक अभाव समाधान गर्न प्रदेश सरकारले ध्यान दिनुपर्ने उहाँको सुझाव छ।

पर्यटन क्षेत्रको सम्भावनाबारे चर्चा गर्दै उहाँले जनकपुरस्थित जानकी मन्दिर, धनुषाधाम, गढीमाई र छिन्नमस्ता भगवती लगायत धार्मिक स्थललाई भारतीय पर्यटक आकर्षित गर्ने केन्द्रका रूपमा विकास गर्नुपर्ने बताउनुभयो।

“भारतीय पर्यटकलाई मधेशमा केही दिन बस्ने वातावरण बनाउन सकियो भने त्यसले प्रदेशको अर्थतन्त्र बलियो बनाउन ठूलो योगदान पुऱ्याउँछ,” उहाँले भन्नुभयो।


पूर्वमुख्यमन्त्री जितेन्द्रप्रसाद सोनारले भने बजेटले कृषि, मानव विकास र सङ्घीयता संस्थागत गर्ने विषयलाई पर्याप्त प्राथमिकता दिन नसकेको टिप्पणी गर्नुभयो। गत वर्ष मधेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरिए पनि किसानले अपेक्षित राहत नपाएको स्मरण गर्दै उहाँले किसान राहत, मलखाद अनुदान र कृषि समस्याको समाधानका लागि ठोस कार्यक्रम आवश्यक रहेको बताउनुभयो।

“मधेश प्रदेश मानव विकास सूचकाङ्कमा देशकै पछाडि रहेको प्रदेश हो। त्यसैले शिक्षा, स्वास्थ्य र मानव विकासका क्षेत्रमा बढी लगानी आवश्यक छ,” उहाँले भन्नुभयो।

सोनारले बजेटको आकार घट्नुका साथै खर्च कार्यान्वयनका लागि स्पष्ट संयन्त्र नदेखिएको बताउनुभयो। बजेट महत्त्वाकाङ्क्षी देखिए पनि कुन क्षेत्रमा कसरी खर्च गर्ने भन्ने स्पष्ट दृष्टिकोण अभाव रहेको उहाँको भनाइ छ।

उहाँले दलित, मुसहर, पातर लगायत सीमान्तकृत समुदाय तथा महिलाको शिक्षा र सशक्तीकरणका लागि पर्याप्त कार्यक्रम नआएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो।

यद्यपि एक करोड रुपियाँभन्दा कम लागतका योजना समावेश नगर्ने र टुक्रे योजना नियन्त्रण गर्ने सरकारको निर्णयलाई उहाँले सकारात्मक पक्षका रूपमा लिनुभयो। बजेटको आकार घट्नु, सङ्घीयता कार्यान्वयनका लागि पर्याप्त दृष्टिकोण नदेखिनु तथा लक्षित वर्गका कार्यक्रम पर्याप्त रूपमा समेटिन नसक्नु चिन्ताको विषय भएको उहाँले उल्लेख गर्नुभयो।




## सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

# मधेशमा मानसिक स्वास्थ्य संकट बढ्दो, एक वर्षमै १ हजार २८८ जनाको मृत्यु



**खबर दर्पण समाचारदाता**

**असार २ गते, जनकपुरधाम**

पछिल्लो समय मधेश प्रदेशका जिल्लाहरूमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या बढ्दै गएको पाइएको छ। मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा कार्यक्रमको प्रदेशस्तरीय वार्षिक समीक्षामा प्रस्तुत तथ्याङ्कअनुसार मानसिक स्वास्थ्य समस्याका कारण एक वर्षको अवधिमा १ हजार २८८ जनाको मृत्यु भएको छ।

मधेश प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजना तथा संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष र टिओपी नेपालको सहयोग एवं समन्वयमा जनकपुरधाममा सम्पन्न कार्यक्रममा मानसिक स्वास्थ्य समस्याका कारण हुने मृत्युको सङ्ख्या बढ्दै गएको जानकारी दिइएको हो।

स्वास्थ्य निर्देशनालयका अनुसार मानसिक स्वास्थ्य समस्याका कारण झुन्डिएर १ हजार १०६ जनाको मृत्यु भएको छ भने विष सेवनका कारण १८२ जनाले ज्यान गुमाएका छन्।

कार्यक्रमको उद्घाटन गर्दै मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री नागेन्द्रप्रसाद साहले पछिल्लो समयमा विभिन्न कारणले मानसिक स्वास्थ्य समस्या बढ्दै जानु गम्भीर विषय भएको बताउनुभयो। उहाँले मानसिक स्वास्थ्य सेवाको विस्तार र प्रभावकारी परामर्श आवश्यक रहेको धारणा राख्नुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवले मधेश प्रदेशमा करिब ६४ लाख जनसङ्ख्या रहे पनि मानसिक स्वास्थ्य उपचारका लागि सरकारी तथा निजी क्षेत्रमा गरी १० जना मात्र चिकित्सक रहेको जानकारी दिनुभयो। उहाँले जनशक्ति अभावका कारण सेवा प्रवाहमा चुनौती रहेको उल्लेख गर्नुभयो।

मधेश प्रदेश स्वास्थ्य निर्देशक सरोजचन्द्र न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष मधेश प्रदेश प्रमुख डा. नरेन्द्रकुमार मिश्रले वर्षेनी करिब १ हजार ३०० जनाको मानसिक स्वास्थ्य समस्याका कारण मृत्यु हुनु चिन्ताजनक अवस्था भएको बताउनुभयो। उहाँले प्रत्येक स्थानीय तहमा मानसिक स्वास्थ्य परामर्श सेवा प्रभावकारी बनाउन आवश्यक रहेको उल्लेख गर्नुभयो।

स्वास्थ्य निर्देशनालयका अनुसार मधेश प्रदेशका १३६ पालिकामध्ये सामी परियोजनाको सहयोगमा हालसम्म ९३ पालिकामा मनोसामाजिक परामर्शकर्ताको पहुँच पुऱ्याइएको छ। साथै मानसिक रोगका अत्यावश्यक औषधी खरिद गरी वितरण गर्ने कामसमेत भइरहेको जनाइएको छ।

प्रदेशका आठवटै जिल्लाका स्वास्थ्य कार्यालय प्रमुख, स्वास्थ्यकर्मी तथा सरोकारवालाको सहभागितामा सम्पन्न समीक्षामा मानसिक स्वास्थ्य समस्या समाधानका लागि नीति सुधार, सेवा विस्तार र जनचेतना अभिवृद्धिमा जोड दिइएको थियो।

# मृत्युको मुखबाट फर्काइए १८ दिने शिशु



**खबर दर्पण समाचारदाता**

**असार २ गते, जनकपुरधाम**

धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-१, सोहनी गाउँमा संकटमा ज्यान परेका एक १८ दिने नवजात शिशुको ज्यान जोगिएको छ । समयमै चिकित्सकीय हस्तक्षेप भएपछि मृत्युको मुखमा पुगेको शिशुको ज्यान जोगिएको हो ।

स्थानीय २४ वर्षीया रीता देवी मण्डलले राति करिब १२ बजेतिर ओछ्यानमै सुतेर आफ्ना १८ दिने शिशुलाई स्तनपान गराइ रहेकी बेला शिशुको नाकबाट सिँगानजस्तै दूध निस्किन थालेको र शरीर निलो हुँदै गएपछि घर परिवारमा रुवाबासी मच्चिएको थियो । आत्तिएका शिशुका पिता चन्दे मण्डलले गाउँमै रहेका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. सतिन्द्र रायलाई खबर गरेका थिए ।

सूचना पाएलगत्तै शिशुको घर पुगेका डा. रायले परीक्षण गर्दा अक्सिजनको कमीका कारण शिशुको शरीर निलो भएको र 'अस्पाइरेशन अफ मिल्क' (दूध श्वासनलीमा पस्ने अवस्था) का कारण ज्यान जोखिममा परेको पत्ता लगाए ।

डा. रायका अनुसार शिशुको अवस्था अत्यन्तै नाजुक थियो । प्रारम्भिक उपचारपछि उनले आफ्नै निगरानीमा सिपिआर दिँदै रातिको समयमा सवारी साधनको अभावबीच जनकपुरधामस्थित नेपाल अपोलो अस्पताल पुऱ्याएका थिए । अस्पतालमा बालरोग विशेषज्ञसहितको स्वास्थ्यकर्मी टोलीले नवजातलाई एनआइसीयु भेन्टिलेटरमा राखेर उपचार सुरु गरेको थियो ।

करिब एक सातासम्मको उपचारपछि शिशुको स्वास्थ्यमा सुधार आएको र सकुशल घर फर्किएको अस्पताल स्रोतले जनाएको छ । यसअघि यस्तै प्रकृतिका सात वटा नवजात मृत्युका घटना देखिसकेका डा. रायले यस घटनालाई निकै चुनौतीपूर्ण रहेको बताए । उनले नवजात शिशुलाई स्तनपान गराउने सही तरिकाबारे पनि अभिभावकलाई सचेत हुन आग्रह गरेका छन ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस्!**

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,